हेटौंडा सन्देश

Thursday 26 Feb. 2015 । बिहीबार १४ फागुन २०७१

# उब्जाउ जमिन मास्दै माछापालन

⊙सन्देश संवाददाता

हेटौंडा/धान र तरकारी खेती हुने खेत मासेर हाँडीखोला-७ मसिनेका किसान माछापालनमा लागेका छन् । वर्षमा दुईपटक धान तथा तरकारी खेती हुने उब्जाउ जमिनमा किसानले पोखरी खनेर माछापालन गरेका हुन । अन्नबालीमा भन्दा माछापालनबाट फाइदा देखेपछि किसान आकर्षित भएका हुन ।

परम्परागत धान खेती र नगदे आम्दानी तरकारी खेतीलाई छाडेर किसान माछा पालनमा आकर्षित भएका हुन । स्थानीय किसान पवन खड्काले आफ्नो करिब दुई बिगाहा खेतमा माछापालन गर्न पोखरी खनेका छन् । उनी पशुपतिनाथ माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पनि हुन । मसिने गाउँभरि धानखेत मासेर माछापोखरी खन्ने किसान दिनप्रतिदिन बढ्दैछन् । स्थानीय रामहरि बिष्टले पनि गतबर्ष ९ कठ्ठामा पोखरी खनेको र यो बर्ष १२ कठ्ठा धानखेत मासेर पोखरी खनेका छन् । अन्न तथा तरकारी खेतीमा गरेको लगानीसम्म उठ्न मुस्किल भएपछि किसानले विकल्पको रुपमा माछा पालनलाई लिएका हुन । पानीको समस्या नभएको र बजार सहजै पाइने भएकाले माछापालनमा लागेको किसानले बताएका छन् ।

गत वर्षदेखि माछापालन सुरु गरेको गाउँमा अहिलेसम्ममा ८० भन्दा बढी किसानले धानखेत मासेर



९ कठ्ठामा पोखरी खनेको र यो बर्ष १२ कठ्ठा धानखेत मासेर पोखरी खनेका छन् ।

माछापोखरी खनेको बिष्टले बताए । वनजंगलमा कन्दमूल खोजे जीबिकोपार्जन गर्ने बनकरिया समुदायले पनि धान खाने खेत मासेर माछा पाल्न थालेपछि मसिनेलाई माछा गाउँ बनाउने योजना अघि सारिएको स्थानीय बताउँछन् । दुई वर्ष अघि मनहरी विकास संस्था (एमडीआई)ले रैथाने माछा संकटमा परेको भन्दै संरक्षण गर्न र व्यवसायिक माछापालन गर्न गाउँमा अनुसन्धान केन्द्र स्थापना गरेपछि स्थानीय किसानलाई माछामा लगाव बढाएको हो ।

मकवानपुरको राप्ती, मनहरी, लोथर, कर्रा, सीमात, बकया, सामरीलगायतका खोलामा दैनिक रुपमा करेन्ट लगाउने र बिषादि प्रयोग गरी माछा मार्ने गरिएका कारण रैथाने माछा संकटमा पर्दै गएको भन्दै मनहरी विकास संस्थाका कार्यकारी निर्देशक खोपनारायण श्रेष्ठले माछापालन गर्न स्थानीयलाई उत्प्रेरीत गर्ने प्रयास गरेका थिए । यो बर्ष जिल्ला कृषि कार्यालयले हाँडीखोलाको मसिनेमा माछापोखरी खन्ने प्रयोजनका लागि १३ लाख रुपैयाँ अनुदान उपलब्ध गराएको जिल्ला कृषि कार्यालय मकवानपुरका प्रमुख रेवतीरमण पौडेलले बताए ।

राप्तीखोलामा ३७ प्रजातिका रैथाने माछा फेला परेको एमडीआईले गरेको एक अध्ययनमा देखिएको छ । बिगतमा कति प्रजातिका माछा थिए भन्ने बिषयमा कतै पनि अध्ययन नभएको एमडीआईका कार्यकारी निर्देशक श्रेष्ठले बताए । मसिने गाउँमा किसानले माछापालन सुरु गरेपछि खोलाका रैथाने माछा लोप हुने खतरा टर्ने भएका कारण माछामा सहयोग गरिएको एमडीआईले जनाएको छ । गतबर्ष एमडीआईले स्थानीय किसानलाई धानखेतमा माछापोखरी खन्नका लागि ५ हजार रुपैयाँ अनुदान दिएको स्थानीय सानुकान्छा तितुङले बताए ।

अनुसन्धान केन्द्रमा प्रतिकठ्ठा कम्तिमा २० हजार रुपैयाँको माछा बिक्री भएको तितुङले जानकारी दिए । गाउँमा ८० जना भन्दा बढी किसानले धानखेत मासेर माछा पाल्न सुरु गरेपछि अनुसन्धान केन्द्रले माछाको भुरा उत्पादन गर्न सुरु गरेको तितुङले बताए । हामीले तालिम लिएर आएका छौं, अब भुरा उत्पादन गरेर बिक्री गर्नु पर्छ–उनले भने । गतबर्ष मात्र माछापाल्न सुरु गरेकी स्थानीय कल्पना खतिवडाले ५ कठ्ठामा एक लाख रुपैयाँको माछा बिक्री गरेको जानकारी दिइन् । जिल्ला कृषि कार्यालय मकवानपुरका प्रमुख पौडेलका अनुसार बेमौसमी तरकारी भन्दापनि माछामा किसानलाई फाईदा हुने भएकोले माछामा आकर्षित भएको बताए । माछाको भाउ नआएको समयमा बिक्री गर्न भन्दा पोखरीमै माछा बढिरहने भएकोले माछामा फाईदा हुन्छ–पौडेलले भने ।